# विस्तारित शिक्षा तालिम इकाइ व्यवस्थापन कार्यविधि, २०८१

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

# विस्तारित शिक्षा तालिम इकाइ व्यवस्थापन कार्यविधि, २०८१

**<u>प्रदेश राजपत्रमा प्रकाशित मिति</u>**

२०८१।०८।२०

**<u>प्रस्तावना:</u>** प्रदेशभित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको पेशागत विकासका लागि सञ्चालन हुने तालिम मार्फत क्षमता अभिवृद्धि गर्दै गुणस्तरीय शिक्षाको अभिवृद्धि गर्न वाञ्छनीय भएकोले,

प्रदेश सुशासन ऐन, २०७७ को दफा ४६ बमोजिम प्रदेश सरकारले यो कार्यविधि तयार गरेको छ।

## परिच्छेद- १
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस कार्यविधिको नाम "विस्तारित शिक्षा तालिम इकाइ व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "तालिम" भन्नाले शिक्षा तालिम केन्द्र वा तालिम सञ्चालन गर्न तोकिएको निकायबाट सञ्चालन भएको तालिमलाई सम्झनु पर्छ।

(ख) "तालिम सहायक" भन्नाले सम्बन्धित स्थानीय तहले सामुदायिक विद्यालयबाट विस्तारित शिक्षा तालिम

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

इकाइमा कामकाज गर्न खटाएको प्राथमिक तहको शिक्षकलाई सम्झनु पर्छ।

(ग) "निर्देशनालय" भन्नाले शिक्षा विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडा, नेपाललाई सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले बागमती प्रदेशलाई सम्झनु पर्छ।

(ङ) "प्रशिक्षक" भन्नाले विस्तारित शिक्षा तालिम इकाइमा कार्यरत प्रशिक्षकलाई सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ।

(छ) "विद्यालय" भन्नाले सम्बन्धन प्राप्त गरी सञ्चालन भएका सामुदायिक विद्यालयहरुलाई सम्झनु पर्छ।

(ज) "विस्तारित शिक्षा तालिम इकाइ" भन्नाले शिक्षा तालिम केन्द्र, धुलिखेल अर्न्तगत सञ्चालित विस्तारित शिक्षा तालिम इकाइ नुवाकोट, चितवन र काठमाडौं (काठमाडौं उपत्यका) लाई सम्झनु पर्छ।

(झ) "शिक्षा तालिम केन्द्र" भन्नाले मन्त्रालय मातहतमा सञ्चालित शिक्षा तालिम केन्द्र धुलिखेल काभ्रेपलाञ्चोकलाई सम्झनु पर्छ।

(ञ) "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका समेतलाई सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## परिच्छेद- २
## उद्देश्य, सर्त र काजमा खटाउने प्रक्रिया

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहायबमोजिम रहेको छः-

(क) सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शिक्षक तालिमको गुणस्तर अभिवृद्धि गर्ने,

(ख) विस्तारित शिक्षा तालिम इकाइ नुवाकोट, चितवन र काठमाडौं (काठमाडौं उपत्यका) को लागि प्रशिक्षक र तालिम सहायक व्यवस्थापन गर्ने।

४. **व्यवस्थापन गर्नुपर्ने जनशक्तिः** प्रत्येक इकाइमा प्रशिक्षक र तालिम सहायक गरी दुई जना रहनेछन्।

५. **प्रशिक्षकको सर्तः** (१) यो कार्यविधि लागू हुनु भन्दा पहिले नै विस्तारित शिक्षा तालिम इकाइको लागि छनोट भइ काजमा कार्यरत प्रशिक्षकलाई कामको मूल्याङ्कनको आधारमा शिक्षा तालिम केन्द्रले निरन्तरता दिनेछ।

(२) विस्तारित शिक्षा तालिम इकाइमा कार्यरत प्रशिक्षकको पद कुनै कारणले रिक्त भएमा देहायका सर्त पुरा गरेको शिक्षकलाई सम्बन्धित स्थानीय तहले प्रशिक्षकको रुपमा कामकाज गर्न काजमा खटाउन सिफारिस गर्नेछः-

(क) सामुदायिक माध्यमिक विद्यालयमा माध्यमिक तहमा अनिवार्य विषय शिक्षकको रुपमा कम्तिमा पाँच वर्ष स्थायी सेवा गरेको,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ख) विस्तारित शिक्षा तालिम इकाइ रहेको स्थानीय तह भित्रको सामुदायिक माध्यमिक विद्यालयमा कार्यरत,

(ग) कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण भएको,

(घ) माध्यमिक तहको शिक्षकको पेशागत विकास तालिम पुरा गरेको,

(ङ) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन भइ काजमा खटाउन सहमति प्रदान गरेको,

(च) सूचना, सञ्चार तथा प्रविधि (ICT) को प्रयोग गरी माध्यमिक तहमा तालिम सञ्चालन गर्न सक्ने सीप भएको।

६. <u>**तालिम सहायकको सर्तः**</u> (१) यो कार्यविधि लागू हुनु भन्दा पहिले नै विस्तारित शिक्षा तालिम इकाइमा कार्यरत तालिम सहायक भएमा निजलाई नै कामको मूल्याङ्कनको आधारमा शिक्षा तालिम केन्द्रले निरन्तरता दिइनेछ।

(२) विस्तारित शिक्षा तालिम इकाइमा कार्यरत प्रशासन सहायकको पद कुनै कारणले रिक्त भएमा वा रिक्त भइ काजमा राख्नु पर्ने भएमा देहायका सर्त पुरा गरेको शिक्षकलाई सम्बन्धित स्थानीय तहले विस्तारित शिक्षा तालिम इकाइमा कामकाज गर्न काजमा खटाउन सिफारिस गर्नेछ। उक्त शिक्षकलाई शिक्षा तालिम केन्द्रले इकाइमा खटाउनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) सामुदायिक विद्यालयमा प्राथमिक तहमा कम्तिमा पाँच वर्ष स्थायी सेवा गरेको शिक्षक,

(ख) विस्तारित शिक्षा तालिम इकाइ रहेको स्थानीय तह भित्रको सामुदायिक विद्यालयमा कार्यरत,

(ग) कम्तिमा स्नातक तह उत्तीर्ण भएको,

(घ) प्राथमिक तहको शिक्षकको पेशागत विकास तालिम पुरा गरेको,

(ङ) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन भइ काजमा खटाउन सहमति प्रदान गरेको,

(च) कम्प्यूटर सम्बन्धी Basic skills सम्बन्धी ज्ञान भएको।

७. <u>**प्रशिक्षक तथा तालिम सहायकको कामकाज गर्न खटिएका शिक्षकलाई काजमा खटाउनेः**</u> (१) प्रशिक्षकको लागि दफा ५ को उपदफा (२) अनुसारको सर्त पुरा गरेको शिक्षकलाई सम्बन्धित स्थानीय तहले अनुसूची- १ अनुसारको सम्झौता गरी विस्तारित तालिम इकाइमा कामकाज गर्ने गरी शिक्षा तालिम केन्द्र धुलिखेलमा काजमा सिफारिस गरी पठाउनु पर्नेछ।

(२) तालिम सहायकको लागि दफा ६ को उपदफा (२) अनुसारको सर्त पुरा गरेको शिक्षकलाई सम्बन्धित स्थानीय तहले अनुसूची- १ अनुसारको सम्झौता गरी विस्तारित तालिम इकाइमा कामकाज गर्ने गरी शिक्षा तालिम केन्द्र धुलिखेलमा काजमा सिफारिस गरी पठाउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) यो कार्यविधि लागू हुनु भन्दा पहिले विस्तारित शिक्षा तालिम इकाइमा छनोट भइ काजमा कार्यरत प्रशिक्षकको हकमा कामको मूल्याङ्कनको आधारमा अनूसूची- १ अनुसार सम्झौता गरी शिक्षा तालिम केन्द्रले कामकाजमा लगाउन सक्नेछ।

(४) यो कार्यविधि लागू हुनु भन्दा पहिले साविकको शैक्षिक तालिम केन्द्रमा कामकाजमा कार्यरत प्राथमिक शिक्षकको हकमा कामको मूल्याङ्कनको आधारमा अनूसूची- १ अनुसार सम्झौता गरी शिक्षा तालिम केन्द्रले कामकाजमा लगाउन सक्नेछ।

८. **<u>प्रशिक्षक तथा तालिम सहायकको नियुक्त र शिक्षकको तलब भत्ता अनुदान निकासा प्रक्रियाः</u>** (१) विस्तारित शिक्षा तालिम इकाइका लागि अनुसूची- १ अनुसार सम्झौता भइ कार्यरत प्रशिक्षक तथा तालिम सहायकको कामकाज गर्न खटिएका शिक्षकको आफ्नो शिक्षक पदको दरबन्दी रहेको विद्यालयमा सट्टा शिक्षकको रुपमा प्रचलित कानून अनुसार सम्बन्धित स्थानीय तहले नियुक्त गरी सोको विवरण सम्बन्धित स्थानीय तहले शिक्षा तालिम केन्द्रमा दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्ति भइ हाजिर भएको मितिदेखि अनुदानको रुपमा प्रशिक्षक सट्टा शिक्षकका लागि माध्यमिक तृतीय श्रेणीको सुरु स्केल बरावरको तलब, भत्ता र प्रशासन सहायकको सट्टा शिक्षकका लागि प्राथमिक तृतीय श्रेणीको सुरु स्केल बरावरको तलब भत्ता र नियमानुसार पाउने चाडपर्व खर्च स्थानीय तहको सिफारिसमा शिक्षा तालिम केन्द्रबाट विद्यालयको खातामा निकासा हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(३) उपदफा (२) बमोजिमको अनुदान निकासका लागि सम्बन्धित विद्यालयबाट माग फाराम पेस गर्नु पर्नेछ।

(४) प्रशिक्षक तथा तालिम सहायकको कामकाज गर्न खटिएका शिक्षकको तलब भत्ता नियमित रुपमा दरबन्दी रहेको विद्यालयबाट भुक्तानी गर्नु पर्नेछ।

९. **<u>स्थानीय तह, प्रशिक्षक र तालिम सहायकको कामकाज गर्न खटिएका शिक्षक र शिक्षा तालिम केन्द्र बीचको सम्झौता:</u>** (१) प्रशिक्षक र तालिम सहायक छनोट भएपछि स्थानीय तह, प्रशिक्षक र तालिम सहायकको कामकाज गर्न खटिएका शिक्षक र शिक्षा तालिम केन्द्रबीच अनुसूची- १ अनुसारको सम्झौता गरी कामकाजमा खटाइनेछ।

१०. **<u>प्रशिक्षक तथा तालिम सहायकको कामकाज गर्न खटिएका शिक्षकको सेवा सुविधा:</u>** (१) प्रशिक्षक तथा तालिम सहायकको कामकाज गर्न खटिएका शिक्षकको रुपमा विस्तारित शिक्षा तालिम इकाइमा खटिने प्रशिक्षक तथा तालिम सहायकको कामकाज गर्न खटिएका शिक्षकले निम्नानुसारको सेवा सुविधा प्राप्त गर्नेछः-

(क) तोकिएको विस्तारित शिक्षा तालिम इकाइबाट तालिम केन्द्रले अन्यत्र तालिम सञ्चालनको लागि प्रशिक्षक तथा तालिम सहायकको कामकाज गर्न खटिएका शिक्षकलाई खटाएमा नियमानुसार दोहोरो नपर्ने गरी दैनिक भ्रमण भत्ता खर्च पाईनेछ।

(ख) प्रशिक्षक तथा तालिम सहायकको कामकाज

आन्तरिक मामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश

गर्न खटिएका शिक्षकको रुपमा रहदा हिउदे र वर्षे बिदा पाईने छैन। सोको सट्टामा कार्य गरेको प्रति महिना २.५ दिनका दरले घर बिदा पाउनेछ। यसरी पाउने घर बिदा अर्को वर्षका लागि सञ्चित हुनेछैन र सञ्चित घर बिदा वापतको रकम भुक्तानी हुनेछैन।

(ग) अन्य बिदा शिक्षकले पाउने सो सरह पाउनेछ।

(घ) तलब भत्ता दरबन्दी रहेको विद्यालयबाट भुक्तानी लिनु पर्नेछ।

११. **<u>प्रशिक्षक तथा तालिम सहायकको नियुक्ति गरी कामकाज नगराउने सम्बन्धमाः</u>** प्रशिक्षकको लागि दफा ५ को उपदफा (२) र तालिम सहायकको लागि दफा ६ को उपदफा (२) अनुसार स्थानीय तहबाट सर्त पुरा नगरेका शिक्षक सिफारिस भइ आएमा शिक्षक तालिम केन्द्र नीजहरुलाई नियुक्ति दिई कामकाज गराउने बाध्य हुने छैन्।

## परिच्छेद- ३

## विभिन्न निकाय एवम् प्रशिक्षकको भूमिका

१२. **<u>मन्त्रालयको काम, कर्तव्य र अधिकारः</u>** मन्त्रालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) शिक्षक तालिम र प्रशिक्षक व्यवस्थापन सम्बन्धी नीति तर्जुमा गर्ने,

(ख) तालिम कार्यक्रमको लागि बजेट कार्यक्रम तर्जुमा गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(ग) स्थानीय तह र विद्यालयसँग समन्वयका लागि सहजीकरण गर्ने,

(घ) अनुगमन तथा मूल्याङ्कन गर्ने।

१३. **शिक्षा तालिम केन्द्रको काम, कर्तव्य र अधिकार:** शिक्षा तालिम केन्द्रको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) विस्तारित शिक्षा तालिम इकाइहरुको संरक्षण र सञ्चालनमा सहयोग गर्ने,

(ख) विस्तारित शिक्षा तालिम इकाइमा एक जना प्रशिक्षक र एक जना तालिम सहायकको व्यवस्था गर्ने,

(ग) विस्तारित शिक्षा तालिम इकाइमा रिक्त हुन आएका प्रशिक्षकका लागि दफा ५ को उपदफा (२) अनुसारको सर्त पुरा भएको शिक्षकबाट र तालिम सहायकका लागि दफा ६ को उपदफा (२) अनुसारको सर्त पुरा भएको शिक्षकबाट काजमा खटाउनका लागि सम्बन्धी स्थानीय तहसँग माग गर्ने र सम्बन्धित सिफारिस भइ आएका शिक्षकलाई प्रशिक्षक तथा तालिम सहायकको कामकाज गर्न खटिएका शिक्षकको नियुक्ति गर्ने,

(घ) प्रशिक्षक तथा तालिम सहायकको कामकाज गर्न खटिएका शिक्षकको लागि कार्य विवरण (Job description) उपलब्ध गराउने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ङ) विस्तारित शिक्षा तालिम इकाइहरुमा नियमित रुपमा तालिम सञ्चालन गर्ने व्यवस्था मिलाउने,

(च) प्रशिक्षक तथा तालिम सहायकको कामकाज गर्न खटिएका शिक्षकको सट्टामा नियुक्त शिक्षकको तलब भत्ता निकासा दिने,

(छ) प्रशिक्षक तथा तालिम सहायकको कामकाज गर्न खटिएका शिक्षकको कार्य सन्तोषजनक नभएका शिक्षा तालिम केन्द्रले जुन सुकै वखत काज फिर्ता गर्न सक्नेछ,

(ज) प्रशिक्षक तथा तालिम सहायकको कामकाज गर्न खटिएका शिक्षकको कार्य मूल्याङ्कनको आधारमा शिक्षा तालिम केन्द्रले काज थप गर्न सक्नेछ।

१४. **स्थानीय तहको काम, कर्तव्य र अधिकारः** स्थानीय तहको काम, कर्तव्य र अधिकार दहायबमोजिम हुनेछः-

(क) शिक्षा तालिम केन्द्रले प्रशिक्षक तथा तालिम सहायकको कामकाज गर्नका लागि शिक्षक काजमा पठाई दिन माग भइ आएमा प्रशिक्षकका लागि दफा ५ अनुसार सर्त पुरा गरेका र प्रशासन सहायकका लागि दफा ६ अनुसारको सर्त पुरा गरेका शिक्षक सिफारिस गरी पठाउने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ख) प्रशिक्षक तथा तालिम सहायकको कामकाज गर्न खटिएका शिक्षकको दरबन्दी रहेको शिक्षक पदमा नियमानुसार सट्टा शिक्षक नियुक्त गर्ने व्यवस्था मिलाउने,

(ग) प्रशिक्षक तथा तालिम सहायकको कामकाज गर्न खटिएका शिक्षकको सट्टा शिक्षक पदमा नियुक्ति भएका शिक्षकको तलब, भत्ताको लागि मासिक रुपमा माग फाराम पेश गर्ने,

(घ) प्रशिक्षक तथा तालिम सहायकको कामकाज गर्न खटिएका शिक्षकको नियमानुसार तलब, भत्ता भुक्तानीको व्यवस्था मिलाउने,

(ङ) शिक्षक तालिमका लागि तालिम केन्द्रको माग अनुसार शिक्षक छनोट गरी पठाउने।

१५. <u>विस्तारित शिक्षा तालिम इकाइको काम, कर्तव्य र अधिकारः</u> विस्तारित शिक्षा तालिम इकाइको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) भवन तथा अन्य सम्पत्तिको रेखदेख र संरक्षण गर्ने,

(ख) तालिम इकाइ नियमित रुपमा सञ्चालन गर्ने,

(ग) शिक्षा तालिम केन्द्रको निर्देशनमा तोकिएबमोजिम तालिम सञ्चालन गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(घ) छात्रावासको नियमित रेखदेख र सरसफाइ सहितको व्यवस्थापन गर्ने,

(ङ) तालिम लिएका शिक्षकहरुको अभिलेख राख्ने।

१६. **<u>प्रशिक्षकको काम, कर्तव्य र अधिकारः</u>** प्रशिक्षकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्रशिक्षक रुपमा नियुक्त भएको विस्तारित शिक्षा तालिम इकाइमा कार्यालय समयभर बस्नुपर्ने,

(ख) साविक शैक्षिक तालिम केन्द्र देखिको जिन्सीको निरीक्षण, रेखदेख, संरक्षण र अभिलेख व्यवस्थित गर्ने गराउने,

(ग) तालिम इकाइको संरक्षण र सुरक्षा व्यवस्था मिलाउने,

(घ) साविक शैक्षिक तालिम केन्द्र हुदाँको बखतमा शिक्षक तालिमको रेकर्ड अद्यावधिक र सुरक्षित राख्ने राख्न लगाउने,

(ङ) शिक्षा तालिम केन्द्रबाट पठाइएका वा बुझिलिएका जिन्सी सामान दाखिला गरी अभिलेख व्यवस्थापन गर्ने गराउने,

(च) होस्टल रेखदेख, व्यवस्थापन र होस्टल सरसफाई गर्ने गराउने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(छ) होस्टलमा बस्ने व्यक्तिको रजिष्ट्रेसन गराएर मात्र राख्न लगाउने,

(ज) होस्टलमा बसेबापत लाग्ने शुल्कको अभिलेख राख्न लगाउने र राजस्व दाखिला गर्ने गराउने,

(झ) कार्यालयको दैनिक सञ्चालन, अनुगमन तथा रेखदेख गर्ने गराउने,

(ञ) तालिम इकाइको सुरक्षाको लागि रातिमा पालो पहरा खटाउने तथा अनुगमन गर्ने गराउने,

(ट) तालिम तथा तालिमको परीक्षाको अभिलेख राख्ने र प्रमाणीकरणका लागि प्रतिवेदन तयार गरी पठाउने,

(ठ) शिक्षा तालिम केन्द्रको निर्देशन अनुसार शिक्षक तालिम सञ्चालनका लागि मासिक/त्रैमासिक/वार्षिक कार्ययोजना तयार गर्ने,

(ड) तालिमका सहभागिहरुको विद्यालयमा आधारित कार्यहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ढ) तालिम लिन बाँकी र तालिम लिएका शिक्षकहरूको अभिलेख तथा तथ्याङ्क अद्यावधिक गर्ने,

(ण) तालिम सञ्चालनको क्रममा आवश्यकता अनुसार तालिमको संयोजक र प्रशिक्षकको रुपमा कार्य सम्पादन गर्नुपर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(त) तालिम केन्द्रको निर्देशन अनुसार अन्य कार्य गर्ने।

१७. **<u>तालिम सहायकको काम, कर्तव्य र अधिकारः</u>** तालिम सहायकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) विस्तारित शिक्षा तालिम इकाइमा नियमित कार्यालय समयभर बस्नु पर्नेछ,

(ख) तालिम इकाइको पत्र दर्ता, चलानी गर्ने,

(ग) साविक शैक्षिक तालिम केन्द्र देखिको जिन्सीको जिम्मा लिने, अभिलेख व्यवस्थित गर्ने,

(घ) तालिम इकाइको संरक्षण र सुरक्षा गर्ने,

(ङ) साविक शैक्षिक तालिम केन्द्र हुदाँको बखतमा शिक्षक तालिमको रेकर्ड अद्यावधिक र सुरक्षित राख्ने,

(च) शिक्षा तालिम केन्द्रबाट पठाइएका वा बुझिलिएका जिन्सी सामान दाखिला गरी अभिलेख व्यवस्थापन गर्ने,

(छ) होस्टल व्यवस्थापनमा सहयोगीको भूमिका निर्वाह गर्ने र होस्टल सरसफाईको व्यवस्थापन गर्ने,

(ज) होस्टलमा बस्ने व्यक्तिको रजिष्ट्रेसन गराएर मात्र राख्ने,

(झ) होस्टलमा बसेबापत लाग्ने शुल्कको अभिलेख राख्ने र राजस्व दाखिला गर्ने,

(ञ) कार्यालयको दैनिक सञ्चालन, अनुगमन तथा रेखदेख गर्ने,

(ट) तालिम सम्बन्धी पूर्व तयारी र व्यवस्थापन गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(ठ) तालिम इकाइको सुरक्षाको लागि रातिमा पालो पहरा खटाउने, अनुगमन गर्ने,

(ड) तालिम तथा तालिमको परीक्षाको अभिलेख राख्ने, प्रमाणीकरणका लागि प्रतिवेदन तयार गरी पठाउने,

(ढ) शिक्षा तालिम केन्द्रको लेटर प्याड, छापको जिम्मा लिने,

(ण) शिक्षा तालिम केन्द्रको निर्देशनअनुसार शिक्षक तालिम सञ्चालनका लागि मासिक/त्रैमासिक/वार्षिक कार्ययोजना तयार गर्ने,

(त) तालिम सञ्चालनको क्रममा आवश्यकता अनुसार तालिम सञ्चालनमा सहयोग गर्ने,

(थ) तालिमका सहभागिहरुको विद्यालयमा आधारित परियोजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(द) तालिम लिन बाँकी र तालिम लिएका शिक्षकहरूको अभिलेख तथा तथ्याङ्क अद्यावधिक गर्ने,

(ध) प्रशिक्षकले लाएअराएको र तालिम केन्द्रको निर्देशन अनुसार अन्य काम गर्ने।

**परिच्छेद- ४**

**विविध**

१८. **लेखा तथा लेखापरीक्षण:** दफा ८ को उपदफा (२) बमोजिम विद्यालयमा निकाशा भएको सट्टा शिक्षकको अनुदानको लेखापरीक्षण प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१९. **<u>सरकारी बाँकी सरह असुल उपर गरिने:</u>** अनुदान प्राप्त गर्ने सामुदायिक विद्यालयले तोकिएको सर्त विपरीत कार्य गरेमा अनुदान निकासा भएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

२०. **<u>प्रचलित कानून बमोजिम हुने:</u>** यस कार्यविधिमा उल्लेख भएदेखि बाहेकका अन्य विषयहरू प्रचलित कानून बमोजिम हुनेछ।

२१. **<u>खारेजी र बचाउ:</u>** (१) शैक्षिक तालिम केन्द्रमा प्रशिक्षकको व्यवस्थापन कार्यविधि, २०८० खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज गरिएको कार्यविधि बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

२२. **<u>कार्यविधि संशोधन तथा परिमार्जन:</u>** यस कार्यविधिमा उल्लेख भएका विषयहरुमा प्रदेश सरकारले संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

२३. **<u>अनुसूची हेरफेर गर्न सक्ने:</u>** मन्त्रालयले आवश्यकता अनुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# अनुसूची- १

(दफा ७, ८ र ९ सँग सम्बन्धित)

**शिक्षा तालिम केन्द्र, धुलिखेल.......................... स्थानीय तह र प्रशिक्षक/ प्रशासन सहायक श्री ........................... बीच भएको त्रीपक्षीय सम्झौता**

शिक्षा तालिम केन्द्र, धुलिखेल, काभ्रेपलाञ्चोक (जसलाई यस पछि प्रथम पक्ष भनिनेछ), .....................जिल्ला ............................ महानगरपालिका/गाउँपालिका (जसलाई यस पछि दोस्रो पक्ष भनिनेछ) र ................................ जिल्ला ......................................... महानगरपालिका/गाउँपालिका वडा नं ........... मा सञ्चालित ................... ............विद्यालय ...................... तह ........... श्रेणीका ............................ विषयका शिक्षक श्री ....................................... (जसलाई यस पछि तृतीय पक्ष भनिने छ) वीच शिक्षा तालिम केन्द्र धुलिखेलको विस्तारित शिक्षा तालिम इकाइ ................. को प्रशिक्षक/प्रशासन सहायकको ................................ जिल्ला ............................... महानगरपालिका/गाउँपालिका वडा नं ................. मा सञ्चालित ...................................... विद्यालयमा ............................ तह ........... श्रेणीका ............................ विषयका शिक्षक श्री .....................................ले कामकाज गर्न तपसिलका सर्तहरु पालना गर्ने गरी यो त्रीयक्षीय सम्झौता गरिदियौं लियौं।

**(क) प्रथम पक्षले पालन गर्नु पर्ने सर्तहरुः**

१. विस्तारित शिक्षा तालिम इकाइमा तेस्रो पक्षको दरबन्दीमा सट्टा शिक्षकको रुपमा नियमानुसार नियुक्ति भई हाजिर भएको मिति देखि माध्यमिक/ प्राथमिक तहको तृतीय श्रेणीको शिक्षकले पाउने सुरु स्केल तलब, भत्ता नियमानुसारको चाडपर्व भत्ता दोस्रो पक्ष मार्फत उपलब्ध गराउने।

२. तेस्रो पक्षलाई नियमित रुपमा विस्तारित शिक्षा तालिम इकाइमा कार्यविवरण सहित कामकाजमा खटाउने।

३. तेस्रो पक्षको कार्यविवरण वमोजिम कार्य सम्पादनको नियमित रुपमा अनुगमन गर्ने।

४. तेस्रो पक्षको कार्य सम्पादन सन्तोषजनक नभएमा निजलाई सम्बन्धित विद्यालयमा फिर्ता गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

**(ख) दोस्रो पक्षले पालना गर्नु पर्ने सर्तहरु:**

५. प्रशिक्षक/तालिम सहायकको लागि कामकाज गर्न खटिएकाले रिक्त भएको पदमा नियमानुसार सट्टा शिक्षक नियुक्त गर्ने व्यवस्था मिलाउने।

६. प्रशिक्षक/ तालिम सहायकको सट्टामा नियुक्ति भएका शिक्षकको तलब प्रथम पक्ष समक्ष माग गर्ने।

७. प्रशिक्षक/तालिम सहायकको रुपमा खटिएका शिक्षकको सट्टा शिक्षकको रुपमा नियुक्त शिक्षकको नियमानुसार तलब, भत्ता माग फाराम विद्यालयबाट लिई निकास दिने।

८. प्रशिक्षक/तालिम सहायकको सट्टामा नियुक्ति भएका शिक्षकको एक आर्थिक वर्षको तलब भत्ता अर्को आर्थिक वर्षमा भुक्तानी नहुने हुदाँ समयमा नै माग गरी प्रथम पक्षबाट निकासा लिई सक्नु पर्ने।

९. प्रशिक्षक/तालिम सहायकको सट्टामा नियुक्ति भएका शिक्षकको तलब भत्ताको खर्चको प्रगति विवरण प्रथम पक्ष समक्ष त्रैमासिक रुपमा पठाउनु पर्ने।

१०. तेस्रो पक्षको नियमानुसारको तलब भत्ता निजको दरबन्दी रहेकै विद्यालयबाट भुक्तानी दिने व्यवस्था मिलाउने पर्नेछ।

**(ग) तेस्रो पक्षले पालना गर्नु पर्ने सर्तहरु:**

११. विस्तारित शिक्षा तालिम इकाइको पूर्णकालिन प्रशिक्षक/तालिम सहायकको रुपमा कामकाज गर्नुपर्ने।

१२. शिक्षा तालिम केन्द्रको निर्देशनअनुसार शिक्षक तालिम सञ्चालनका लागि मासिक/त्रैमासिक/वार्षिक कार्ययोजना तर्जुमा गर्नु पर्नेछ।

१३. विस्तारित शिक्षा तालिम इकाइ व्यवस्थापन कार्यविधि, २०८१ तोकिएका कार्य सम्पादन गर्नु पर्नेछ।

१४. विस्तारित शिक्षा तालिम इकाइ व्यवस्थापन कार्यविधि, २०८१ को दफा ८ अनुसारको सेवा सुविधाको अधिनमा रही कार्य सम्पादन गर्नु पर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१५. कार्य सम्पादन सन्तोषजनक नभएको भनी काज फिर्ता गरेमा वा अन्य व्यवस्था भएको अवस्थामा यो सम्झौता सोही मितिबाट समाप्त हुनेछ।

१६. तालिम केन्द्रको निर्देशन अनुसार अन्य कार्य गर्ने।

**(घ) सम्झौताको अवधि**

१७. यस सम्झौताको अवधि बुदाँ नम्वर १५ को अवस्थामा बाहेक.................. सम्म रहनेछ।

१८. तेस्रो पक्षको कार्य सन्तोषजनक भएमा र कार्यक्रमको निरन्तर भएमा तालिम केन्द्रको आवश्यकता अनुसार सम्झौताको म्यादथप गर्न सकिने छ।

**सम्झौता गर्ने व्यक्तिहरु**

**प्रथम पक्षको तर्फबाट सम्झौता गर्ने**

(१) तालिम प्रमुखको नाम

पदः

दस्तखतः

कार्यालयको छाप

**दोस्रो पक्षको तर्फबाट सम्झौता गर्ने**

(२) नामः

पदः

दस्तखतः

कार्यालयको छाप

**तेस्रो पक्षको तर्फबाट सम्झौता गर्ने**

(३) नामः

पदः

दस्तखतः

कार्यालयको छाप

**रोहवर**

नामः

पदः

दस्तखतः

मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश